# I-3 प्राकृतिक विपत्ति तयारी

## 1. टाइफुन

आँधी प्राय जसो जुलाई देखि अक्टुबरसम्म देखा पर्दछ।

सम्भावित क्षति

- हावा, हुरीले उडाएका बस्तुबाट तपाईलाई चोट लाग्न सक्छ।
- वर्षा, पहिरो र बाढी बाट सचेत रहनु पर्छ।
- घरहरुको डुबान बाट।
- लोड शेडिंग।
- बिजुली बाट पानी आपूर्ति सञ्चालित गर्ने मोटरहरु भएको भवनहरुमा पानी नआउन सक्छ।

टाइफुन, मौसम जानकारी द्वारा पूर्वानुमान गर्न सकिन्छ, त्यसैले मौसम पूर्वानुमान जानकारीको बारे सावधान रहनुहोस्।

टाइफुनकोतयारी

- रेडियो, टिभी र इन्टरनेटबाट मौसम जानकारीमा ध्यान दिनुहोस्। कहिले र कुन क्षेत्रमा टाइफुन पास हुदैछ ध्यान दिनुहोस्।
- ठुलो हावा र वर्षामा, बाहिर नजानुहोस्।
- पिउने पानी, सुख्खा खाना, फ्ल्यासलाइट, र पोर्टेबल रेडियो जस्ता आपतकालीन सामान सहितको झोला हमेसा तयारि अवस्थामा राख्नुहोस
- आपतकालीन अवस्था को लागि नजिकका खाली र सुरक्षित ठाउँ हरु याद गरि राख्नुहोस

## 2. भूकम्प

जापान विश्वमा धेरै भूकम्प आउने मध्येको  एक देश हो। भूकम्पको बेला, जमिन धेरै हल्लाउँछ, फर्निचर  र घरका समान पल्टन सक्छ अनि घर बिग्रन पनि सक्छ । केहि केसहरूमा भूकम्पले सुनामी पनि ल्याउन सक्छ।

भूकम्पको बेला

① यदि तपाईं घर वा भवनमा हुनुहुन्छ भने・・・

■आफु टेबलको मुनि जानुहोस अनि माथि बाट खस्ने चिजहरु बाट आफुलाई जोगाउनुहोस्

■जब हल्लाउन कम हुन्छ, तब सबै ग्यास स्टोभहरु र ग्यासबाट चल्ने अन्य उपकरणहरु बन्द गर्नुहोस र ग्यासको मूल पाइप पनि बन्द गर्नुहोस्।

■बाहिर जाने ढोका खुला राख्नुहोस ताकी निकास सुरक्षित होस्।

■लिफ्ट प्रयोग नगर्नुहोस् (लिफ्ट भन्दा सिडी सुरक्षित मानिन्छ)

② यदि तपाईं बाहिर हुनुहुन्छ भने: तपाईं अनि आफ्नो टाउकोलाई माथिबाट झर्ने सम्भावित वस्तुहरूबाट जोगाउनुहोस्। कृपया ब्लकको छेउमा वा घरको छेउ मा नउभिनुहोस। सुरक्षित ठाउँमा जानुहोस् जस्तै भवन विनाको खाली चौर ।

③ यदि तपाईं कार चलाउनुहुन्छ … नआत्तिकन बिस्तारै गाडी को स्पीड घटाएर छेउको सुरक्षित स्थान खोज्नुहोस्। । भूकम्प बन्द भएपनी भूकम्पको झड्का आइरहन सक्ने हुदा सतर्क रहनु होला।

दैनिक तयारी

• भूकम्पको वेला फर्निचर, बुकशेल्फहरू पल्टन सक्ने हुदा भूकम्पको वेला पनि नपल्टने किसिमले डोरीहरुले बाड्नु पनि सुरक्षित मानिन्छ।

• शेल्फ वा बेडरूममा भाडा सिसा या सजिलै फुट्न सक्ने कमजोर चीजहरू नराख्नुहोस ।

• आपतकालीन अवस्थाको लागि एक झोला हमेसा तयार राख्नुहोस जसमा पिउने पानी, सुख्खा खाना, फ्ल्यासलाइट, मोबाइल फोन, रेडियो आदि होस्

## ３. प्राकृतिक विपत्ति सम्बन्धी सूचनाको लागि

| | |
|---|---|
| FM COCOLO | ７６.５MHZ |
| NHK 2 प्रसारण | ８２８KHZ |
| NHK रेडियो नम्बर 2 प्रसारण | ６６６KHZ |
| NHK जनरल टिभी | １CH |

NHK वोर्ल्ड (विश्व) समाचार（प्रिमियम）

इन्टरनेट

NHK वोर्ल्ड NHK

https://www3.nhk.or.jp/nhkworld/index.html

ओसाका प्रकोप रोकथाम नेटवर्क

http://www.osaka-bousai.net/pref/index.html

## ４. सुरक्षित आश्रयस्थलहरु

सुरक्षित आश्रय स्थलहरु प्राकृतिक विपत्ति सरण लिन सकिने ठाउँ हरुलाई मानिन्छ। आफ्नो घर ओर परको सुरक्षित आश्रय स्थलहरु कहाँ कहाँ पर्छ विपत्ति पूर्वनै जानकारी लिनु होला।

| तपाईको क्षेत्रको आश्रयस्थल तल लेख्नुहोस : |
|---|

## 5. आपतकालीन वस्तुहरूको सूची

| वर्ग | जाँच गर्नुहोस् | नाम | वर्ग | जाँच गर्नुहोस् | नाम |
|---|---|---|---|---|---|
| खाने कुराहरु | | पिउने पानी | अरु | | टर्च |
| | | सुख्खा रोटी •<br>क्यानडिब्बा वाला खाना<br>आपतकालीन खाना | | | मोबाइल रेडियो |
| दैनिक आवश्यक सामान हरु | | काममा लगाउने पन्जा | | | ब्याट्री |
| | | टावल | | | मैनबत्ती /लाइटर |
| | | प्लास्टिकको झोला | | | आर्मी चक्कु |
| | | ट्वाइलेट पेपर / वेट तिस्सु | | | सेफ्टी हेलमेट |
| बहुमुल्य सामानहरु | | नगद (सिक्का) | | | साधारण शौचालय |
| | | मोबाइल फोन | | | पानी बिना प्रयोग गर्न सकिने शैम्पू |
| | | निक्षेप बैंक पासबुक र सील/ईंकान | | | जुत्ता |
| | | स्वास्थ्य बीमा कार्ड/<br>ड्राइभर इजाजतपत्र | | | आपतकालीन औषधि/<br>नियमित औषधि |
| | | राहदानी | | | लेख्ने सामानहरु |
| | | जाइर्यु कार्ड | | | बाहिरी कपडा / अंडरवियर |